# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल Bank for International Settlements (BIS) को वार्षिक बैठकमा भाग लिई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल Bank for International Settlements (BIS) ले जुन २९ र ३०, २०१९ मा Switzerland को Basel मा आयोजना गरेको BIS Annual General Meeting मा भाग लिई २०७६ असार २१ गते नेपाल फर्कनु भयो । Bank for International Settlements वार्षिक साधारणसभामा विश्वका करिव १५० देश तथा विभिन्न संघ सङ्गठनका करिव २०० जनाको सहभागिता रहेको थियो । सन् १९३० मा स्थापना भई स्वीजरलैण्डको वासेलमा प्रधान कार्यालय रहेको यस संस्थाले वित्तीय स्थायित्व प्रर्वद्धनका लागि सहयोग गर्ने, मौद्रिक तथा वित्तीय स्थायित्वका लागि अनुसन्धान र नीति विश्लेषण गर्ने, केन्द्रीय बैंकहरूले वित्तीय स्थायित्वका लागि अपनाउनु पर्ने मापदण्ड एवम् मार्गदर्शनहरू जारी गर्ने र केन्द्रीय बैंकहरू बीच छलफल तथा समन्वय गर्नुका साथै केन्द्रीय बैंकहरूको बैंकको भूमिका पनि निर्वाह गर्दछ ।

उक्त बैठकमा Bank for International Settlement को वार्षिक प्रतिवेदनमाथि छलफल हुनुका साथै विश्वका विकसित तथा विकासशील देशहरूमा अवलम्बन गरिएको नीतिगत व्यवस्था र वर्तमान समयमा यसको सान्दर्भिकताका सम्बन्धमा जानकारी गराइएको थियो । साथै, उक्त कार्यक्रममा Regulatory Convergence: what are the missing pieces?, Monetary Policy Frameworks in EMEs: Inflation Targeting, the Exchange Rate and Financial Stability, Big Techs in Finance जस्ता विषयहरूमा वार्ता प्रस्तुति एवम् छलफल भएको थियो । बैठकमा नियमनकारी तथा सुपरिवेक्षण गर्ने निकायबाट सम्पादन गरिने कार्यहरू, प्रभावकारी नियमनको बावजुद बजारमा देखिने नयाँ समस्याहरू र नयाँ प्रविधिको प्रयोगबाट कारोवारमा आउन सक्ने सहजता एवम् लागतमा हुन सक्ने कटौती र सहभागी निकायहरूबाट खेल्नुपर्ने भूमिका लगायतका विषयहरूमा छलफल भएको थियो ।

छलफल कार्यक्रममा बैंकिङ्ग कारोवारमा संलग्न संस्थाहरूले सम्पादन गरिरहेका कार्यहरूलाई थप प्रभावकारी बनाई देशमा वित्तीय स्थायित्व कायम गर्न र वित्तीय पहुँच बढाउनका लागि आवश्यक नीतिगत व्यवस्था, प्रविधिको प्रयोगमा बढावा एवम् प्रविधिको भूमिका बारेमा विस्तृत चर्चा गरिएको थियो । मुख्यतया: प्राविधिक रूपमा विकसित देशहरूको आवश्यकता र उपलब्धतामा आधारित रही विकसित तथा विकासोन्मुख मुलुकहरूका केन्द्रीय बैंक तथा नियामक संस्थाहरूलाई केन्द्रबिन्दुमा राखी वार्ता प्रस्तुत गरिएको थियो । वार्ताको प्रस्तुति तथा छलफलको क्रममा यस क्षेत्रका विज्ञहरू तथा सहभागीहरू समेतलाई नवीनतम् प्रविधिको उपयोग, सुरक्षा, प्रयोगमा जटिलता र आवश्यक कानुनी व्यवस्थाहरूका बारेमा जानकारी गराइएको थियो ।

गभर्नर डा. नेपालले BIS का पदाधिकारीहरू तथा BIS, Hong Kong का बैंक सुपरिवेक्षणका समुहहरूसँग भेट गर्नु भएको थियो । साथै, सहभागी केन्द्रीय बैंकका गभर्नरहरूसँग आपसी सहयोगका बारेमा छलफल गर्नुभएको थियो ।

मिति २०७६।३।२२

गभर्नरको कार्यालय